चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ सङ्ख्याः ५ मितिः २०८०/०९/२५

भाग-२

चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
चिचिला, सङ्खुवासभा ।

## फुसको छानो हटाउने सम्बन्धमा बनेको कार्यविधि, २०८०

# फुसको छानो हटाउने सम्बन्धमा बनेको कार्यविधि, २०८०

**प्रस्तावनाः**

चिचिला गाउँपालिकाभित्रमा कार्यक्रम कार्यान्वयनका लागि आर्थिक अवस्था कमजोर भएका, एकल महिला भएका परिवार, अपाङ्ग भएका, दलित परिवार र जेष्ठ नागरिक/असक्त तथा बालबालिका भएका परिवारका लागि घरको छाना छाउन नसकि जोखिम अवस्थामा बसोबास गरिरहेकोले त्यस्ता परिवारहरूको घरमा फुसको छानो हटाई जस्तापाताको प्रयोग गरी छानो लगाउने कार्यक्रम कार्यान्वयन गर्न आवश्यक देखिएकोले ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ ः**

यो कार्यविधिको नाम "फुसको छानो हटाउने सम्बन्धमा बनेको कार्यविधि, २०८०" रहेको छ ।

(१) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित मिति देखि प्रारम्भ हुनेछ ।

(१) **परिभाषा ः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

**क)**'गाउँपालिका' भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ ।

**ख)**'लक्षित वर्ग' भन्नाले लाभान्वित/लाभग्राही सम्झनुपर्दछ ।

**(२) कार्यक्रम कार्यान्वयन क्षेत्र**

(१) कार्यक्रम कार्यान्वयन क्षेत्र चिचिला गाँउपालिका भित्र रहने छ ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा यथासक्य लक्षित वर्गको घर यथास्थानमा छानो निर्माण हुने गरी गरिनेछ । तर प्राकृतिक प्रकोपको जोखिममा रहेको वन सीमाक्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन ।

**(३) लक्षित वर्गको पहिचानः लक्षित वर्गको पहिचान देहायको आधारमा गरिने छ।**

(१) आर्थिक अवस्था कमजोर भएको परिवार,

(२) एकल महिला भएका परिवार,

(३) अपाङ्ग भएका परिवार,

(४) दलित परिवार,

(५) जेष्ठ नागरिक/असक्त/बालबालिका भएका परिवार,

(६) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(७) घरै नभएका वा भाडामा बस्दै आएका परिवार,

(८) घरको छाना चुहिने अवस्था भएका,

(९) घरको छाना फसुको/बाँसको/प्याष्टिक/त्रिपाल भएका ।

**(४) लाभग्राहीको छनौटको आधार**

(१) लाभग्राहीको छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल भुँइ गारो तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची १ बमोजिमको अंक प्रदान गरिने छ ।

(२) लाभ ग्राहीको सूचीमा समावेश हुनका लागि न्यूनतम ६० अंक प्राप्त गरेको हुनुपर्ने छ । लाभ ग्राहिको सूचीमा रहेका लाभग्राहीहरुमध्ये सवै भन्दा बढी अंक ल्याउने लाभग्राहीबाट क्रमश आवास निर्माणका लागि कार्यालयले लाभग्राही को नामावली प्रकाशन गर्ने छ ।

**(५) लाभग्राहीलाई प्राप्त गर्ने रकम र किस्ता सम्वन्धमा**

(१) अनुदान रकम देहाय बमोजिम दुई किस्तामा प्राप्त गर्ने सक्नेछ ।

क) पहिलो किस्ता निकासाको लागि वडाको सिफारिस प्राप्त भएपछि लाभग्राहीले छानो निर्माणका लागि रु. ३५०००।० (अक्षेरुपी पैतिस हजार) प्राप्त गर्न सक्नेछ ।

ख)निर्माण सम्पन्न भएको प्राविधिक कार्य सम्पादन प्रतिवेदन, वडाको सिफारिसमा दोस्रो किस्ता बापतको रकम रू. १५,०००।० (अक्षेरूपी पन्ध्र हजार) गरी जम्मा अनुदान रकम रू. ५०,०००।० (अक्षेरुपी पचास हजार मात्र) अनुदान प्राप्त गर्न सक्नेछ ।

**(६) सम्झौता सम्बन्धमा**

(१) लाभग्राहीको मुख्य सदस्य उपस्थित हुन नसक्ने अवस्था भएमा एकापरिवारको अर्को सदस्य मार्फत सम्झौता गर्न सक्नेछ र सो सम्झौता गर्नलाई वडाको नाता प्रमाणित पेस गर्नु पर्नेछ ।

**(७) लाभग्राही छानो निर्माण गर्दा पालना गर्नु पर्ने शर्तहरु**

**क.** जस्ताको रंग रातो, हरियो वा निलो हुनुपर्नेछ ।

(८) यस कार्यविधि भन्दा बाहेकका लाभग्राहीलाई फुसको छानो कार्यक्रम , २०७७ बमोजिम हुनेछ ।

## अनुसूची -१
छनौटको अंकभार

| क.स. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक अवस्था कमजोर भएका | १० | |
| २. | एकल महिला भएका परिवार | २० | |
| ३. | अपाङ्ग भएका परिवार | १० | |
| ४. | जेष्ठ नागरिक भएका परिवार | १५ | |
| ५. | असक्त/बालबालिका भएका परिवार | ५ | |
| ६. | घरै नभएका वा अर्काको घरमा बसेका | १० | |
| ७. | घरको छाना चुहिले अवस्था भएका | १० | |
| ८. | घरको छाना/फुस प्याष्टिक/बाँस/त्रिपाल भएका | २० | |
| जम्मा अंकभारः | | १०० | |

प्रमाणिकरण मितिः २०८०/०९/२५

आज्ञाले;
सन्तोष राई
प्रमुख प्रशासकीय अधिकृत